अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग-२

खण्ड:७ संख्या:१५ मिति: २०८०/१२/३०


## महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कोष संचालन निर्देशिका २०८०

**पृष्ठभूमिः**

राष्ट्रिय स्वास्थ्य निति २०७६ मा स्वास्थ्य सेवामा जनसहभागीता परिचालन अन्तर्गत "गाउँ र वडा स्तरमा महिला स्वास्थ्य स्वंयसेविका, सूडेनी, सामाजिक संघ संस्थाका स्थानिय कार्यकर्ताहरुको समेत स्वास्थ्य कार्यक्रममा सहभागिता गराईने छ" भन्ने उल्लेख भएको सन्दर्भ तथा आ.व. २०४५।०४६ देखि शुरु भएको महिला स्वास्थ्य स्वंयसेविको कार्यक्रमलाई हाल सम्म निरन्तरता दिईदै आएको छ ।

हाल ५२,००० भन्दा बढी महिला स्वास्थ्य स्वंयसेविकाहरु यस कार्यक्रम सँग सम्वन्द्ध रहनु भएको छ । महिला स्वास्थ्य स्वंयसेविकाहरुले परिवार नियोजन, मातृ तथा शिशु स्वास्थ्य, बाल स्वास्थ्य, सरुवा रोग नियन्त्रन, भिटामिन "ए" वितरण, नियमित खोप तथा गाँउघर क्लिनिक जस्ता राष्ट्रिय कार्यक्रमहरुमा सक्रिय भूमिका तथा सेवा पुर्याउदै आएका छन् ।

नगर प्रमुख

महिला स्वास्थ्य स्वंयसेविकाहरुले समुदायमा प्रदान गरेको सेवाबाट प्रभावित भई स्वयमं सेविकाहरुमा थप उत्प्रेरणा प्रदान गर्ने उद्देश्यका साथ केहि स्थानिय तहहरु तथा गा.वि.स. हरुमा स्वतः स्फुर्त रुपमा अक्षय कोषहरु स्थापना भएका थिए । यस्ता अक्षयकोषहरुलाई व्यवस्थित गर्दै महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई सहयोग गर्ने उद्देश्यले आ.व. २०५८।०५९ मा अक्षयकोष संचालन सम्वन्धी निर्देशिका जारी भएको थियो । उक्त निर्देशिकाले विभिन्न तह र क्षेत्रको प्रयासवाट जिल्ला, न.पा. र गा.वि.स. मा स्थापित स्वंयसेविका अक्षयकोषलाई संगठित रुपमा संचालन गर्न सहयोग पुर्याएको थियो । विगतका वर्षहरुमा महिला स्वास्थ्य स्वंयसेविकाहरुका सुझावहरु, अक्षयकोष सम्बन्धी अध्ययन प्रतिवेदनहरु तथा यस क्षेत्रमा कार्यरत व्यवसायिक व्यक्तिहरु तथा संस्थाहरुको समेतको अनुभव र सुझावले समेत उक्त निर्देशिकालाई परिमार्जित गर्नु पर्ने टड्कारो आवश्यकता महसुस गरिएको थियो ।

बारबर्दिया नगरपालिकाले साबिकमा रहेका कोषलाई व्यवस्थित गर्दै महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई राहात,सहयोग, औषधिउपचार, स्वास्थत बिमा, सम्मानजनक बिदाई, तथा अन्य आवश्यक बिविध क्षेत्रमा सहयोग गर्ने उद्देश्य अनुरुप बारबर्दिया नगरपालिका भित्रका सम्पुर्ण १३० जना महिला स्वास्थ्य स्वंसेविकाहरुलाई निजहरुले पुर्याउदै आएको सेवाको उच्च मुल्यांकन गर्दै टेवा पुर्याउने र महिला स्वास्थ्य स्वंयसेविहरुको सिप तथा हित अभिवृद्धी गर्दै सामुदायिक परिचालनको माध्यमवाट वडा तथा वस्ती स्तरमा स्वास्थ्य शिक्षा र सुचना पुर्याई स्वास्थ्य सेवाको अधिकतम उपयोग गराउने उद्देश्यले बारवर्दिया नगरपालिका बर्दियाले आ.व. २०८०।०८१ को बजेट वक्तव्य मार्फत यस पालिकामा रु १०००००० दश लाख बाट शुरु गर्ने गरि नगर स्तरिय महिला स्वास्थ्य स्वंयसेविका कोष स्थापना गर्ने कार्यक्रम अधि सारेको छ साथै नगरपालिकाले हरेक बर्ष विशेष प्रार्थमिकतामा राखी निरन्तरता दिई उक्त कोषलाई बृद्दी गर्दै जाने हुँदा उक्त कार्यक्रमलाई कार्यान्वयन गर्न कोषलाई प्रभावकारी रुपमा संचालन गर्ने उदेश्यका साथ बारबर्दिया नगर स्वास्थ्य ऐन २०७६ र बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कोष संचालन निर्देशिका, २०८०" तयार गरि लागु गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कोष संचालन निर्देशिका, २०८०" रहने छ ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिका नगरकार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## परिच्छेद-२
## परिभाषा

२. <u>परिभाषाः</u>

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कोष संचालन निर्देशिका, २०८०" सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "नगर प्रमुख" भन्नाले बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "नगर उपप्रमुख" भन्नाले बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "वडा कार्यालय" भन्नाले बारबर्दिया नगरपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ ।

(ज) "महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका" भन्नाले बारबर्दिया नगरपालिका भित्र रहेका नियमानुसार छनौट भएका महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले यस नगरपालिका भित्र संचालनमा रहेका नगर अस्पताल, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ ।

(ञ) "स्वास्थ्य शाखा" भन्नाले बारबर्दिया नगरपालिकामा रहेको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

ट) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे वमोजिम स्थापना गरिएको नगरस्तरीय वाल कोषलाई सम्झनुपर्दछ ।

ठ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको दफा ५ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-३
## कोष स्थापनाको उद्देश्यः

३. कोष स्थापनाको उर्द्देश्य देहाय बमोजिम हुनेछः

क) बारबर्दिया नगरपालिका भित्र बसोवास गर्ने १३० जना महिला सामुदायिक स्वास्थ्य स्वंसेविका हरुलाई सहुलियत रुपमा आर्थिक सहायता प्रदान गर्न।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

ख) महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाहरु र निजको ५ जना परिवारलाई निशुल्क स्वास्थ्य बिमा गरिदिन ।

ग) महिला सामुदायिक स्वास्थ्य स्वंसेविका सुत्केरी भएको बखत २ पटक सम्मलाई पोषण खर्च उपलब्ध गराउन

घ) महिला स्वयम सेबिकाको सेवामै रहेको बेला मृत्यू भएमा निजको परिवारलाई काजक्रिया खर्च उपलब्ध गराउन।

ङ) प्रत्येक बर्ष डिसेम्बर ५ तारिखका दिन महिला स्वास्थ्य स्वयम सेबिका दिवस मनाउन। दिवस मनाउन

च) महिला सामुदायिक स्वास्थ्य स्वंसेविका हरुलाई कडा किसिमको रोग/ दुर्घटना लगायत अस्पतालमा भर्ना भएमा र सोको लागी उपचार गराउनु पर्ने वा गराएको भएमा आर्थिक सहायता उपलब्ध गराउन।

छ) संघीय ससर्तवाट प्रासहुने पोषाक तथा यातायात खर्च अपुग भएमा सो समेत लगायत सम्मानजनक विदाईमा अनुसूची- १ बमोजिमको खर्च उपलब्ध गराउन।

ज) कोष संचालक समितिले आवस्यक ठानेका महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाका संग सम्बन्धित बिविध क्षेत्रमा अन्य अर्थिक सहयोग उपलब्ध गराउन।

## परिच्क्षेद-४

## कोषको स्थापना

**४. कोषको स्थापना:**

१. महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले पुर्याउदै आएको सेवामा थप सहयोग पुर्याउन र उनीहरुको सेवालाई प्रोत्साहन तथा आर्थिक सहायता प्रदान गर्नका लागी कोष स्थापना गरिएको छ । यो कोष पालिका स्तरमा रहनेछ ।

२. कोषमा देहाय बमोजिमका श्रोतहरुवाट प्रास रकमहरु रहनेछन् ।

क) संघीय र प्रदेश सरकारवाट कोषको लागी प्रास अनुदान रकम ।

ख) बारबर्दिया नगरपालिका र वडाले यस कोषमा बिनियोजित कोषलाई प्रास अनुदान रकम ।

ग) स्वदेशी तथा विदेशी गै.स.स. वा ब्यक्तिहरुवाट प्रास अनुदान रकम ।

घ) अन्य कुनै स्रोतवाट प्रास चन्दा तथा अनुदान ।

ङ) कुनै व्यक्ति वा संस्थावाट प्रास चल/अचल सम्पत्ति ।

च) विगतमा गा.वि.स वा जिल्लामा अक्षयकोष प्रयोजनको लागी जम्मा भएको रकम ।

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

३. कोष संचालनका लागी बारबर्दिया नगरपालिका कार्यालयले सरकारी कारोबार निर्देशिका २०७३ अन्तरगत बारबर्दिया नगरपालिकाको विविध खाता अन्तरगत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोष संचालन गरिनेछ र सो खाता बारबर्दिया नगपालिकाको कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबाट संचालन हुनेछ भने सो कोषको आन्तिरक तथा बाह्य लेखा परिक्षण अन्य खाताहरु सरह हुनेछ।

## परिच्छेद-५

## कोष संचालक समितिको गठन

**५. कोष संचालक समितिको गठनः** कोषको ब्यवस्थापन संचालन लगायत सिफारिस एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको नगर स्तरिय कोष संचालक तथा समन्वय समिति रहनेछ।

कोष संचालन नगरपालिका स्तरमा हुनेछ ।

**६. नगर कोष सञ्चालक समिति**

१) नगर उपप्रमुख –संयोजक

२) सामाजिक विकास समितिको संयोजक –सदस्य

३) योजना शाखा प्रमुख –सदस्य

४) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्जालको संयोजक –सदस्य

६) संयोजकले मनोनित गरेको नगरकार्यपालिकाको महिला सदस्य- सदस्य

७) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

**७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) जोखिम अवस्थामा रहेका महिला स्वास्थ्य सामुदायिक स्वयंसेविकाहरुको,स्वास्थ्योपचार गर्ने, राहत दिने र आर्थिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै महिला स्वास्थ्य स्वयंसेविकालाई आवश्यक सहयोग चाहिएको अवस्था भए सम्वन्धित स्वास्थ्य संस्थाको सिफारिस सहित समितिमा पेश भएका निवेदन उपर निर्णय गर्ने र भूक्तानिका लागी सिफारिस गर्ने।

(ग) प्रत्येक वर्ष कार्य प्रगति विवरण नगरकार्यपालिका समक्ष पेश गर्ने,

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

(घ) कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(ङ) कोषको बृद्धिमा सहयोग गर्ने संघ–संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

(च) स्वास्थ्य क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

८.सञ्चालक समितिको बैठक: आर्थिक राहत, सम्मानजनक विदाई, महिला स्वास्थ्य स्वयंसेविका दिवस तथा औषधीउपचार सहायता, स्वास्थ्य विमा र सहयोगको लागि समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ

ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

ग) समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिले आवश्यकतानुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी, संघ संस्थाका प्रतिनिधीलाई वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च) समितिले गरेको निर्णय कार्यन्वयन गर्ने दायित्व सदस्य–सचिवको हुने छ।

९. समितिको बैठक भत्ता: समितिका पदाधिकारीले बैठकमा भाग लिए वापत कुनै रकम बैठक भत्ता वापत पाउनेछैनन् ।

१०.कोषको खाता सञ्चालन: (१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

११.लेखा तथा अभिलेख: (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

१२. कोषको रकम अन्य प्रयोज़नमा खर्च गर्न नपाईने: (१) कोषको रकम संयम सेविकाको आर्थिक सहयोग, सम्मानजनक विदाई, महिला स्वास्थ्य स्वयंसेविका दिवस तथा औषधीउपचार सहायता, स्वास्थ्य विमा लगायतका महिला स्वास्थ्य स्वयम सेविकाको हितमा वाहेक अन्य कार्यमा उपयोग गर्न पाइने छैन ।

१२. सहयोगको लागि निवेदन दिन सक्ने:

महिला स्वास्थ स्वयम सेविकाले आफूलाई कुनै आर्थिक सहायता लगायतका कार्यविधिमा प्रदान गर्ने उल्लेखित कुराहरुको सहयोग माग गर्दा आफ्नो परिचय खुल्ने गरी सम्वन्धित स्वास्थ्य संस्था र वडाको सिफारिस सहित संचालक समिति समक्ष निवेदन दिन सक्नेछन ।

बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

१३. सहयोग दिने प्रक्रिया: (१) प्राप्त निवेदनको आधारमा सचालक समितिले निबेदनमा उल्लेखित माग रकम आवश्यकता र आचित्यताको आधारमा आवश्यक कागजात सहित कार्यालयमा सिफारिस गर्नेछ

१४. महिला सामुदायिक स्वास्थ्य स्वंसेविकालाई उपलब्ध गराउने सुविधा सम्बन्धमा।

देहायको अवस्थामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र तिनको परिवारलाई आर्थिक सुविधा उपलब्ध गराउन सकिनेछः

१) महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको कुनै कारणले सेवामा रहदा रहदै मृत्यु भएमा निजलाई स्थानिय सरकार वाट क्रिया खर्च रकम दिईनेछ ।

२) महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले कुनै कारण बस (बसाईसराई, अशक्त) कार्य गर्दा गर्दै राजिनामा दिई छोडेमा निजलाई सम्मान जनक विदाई गरिनेछ ।

३) क्रिया खर्च तथा सम्मान जनक विदाई खर्चको लागी महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको नगर स्तरिय प्रोत्साहन कोषवाट खर्च गरिने छ ।

४) माथी उल्लेख गरिएका आर्थिक सुबिधाका अतिरिक्त अन्य आर्थिक सहायताका रकम यसै कार्यविधिमा उल्लेखित अनुसूची-१ मा उल्लेख भएबमोजिमको रकम प्राप्त गर्ने छन ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइने राहत वा सहयोगको रकमको सीमा दफा (७) (ख) मा भएको व्यवस्थाको प्रतिकूल हुने छैन ।

१५. कोषको रकम फ्रिज नहुने:

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. कोषको लेखा र लेखा परीक्षण:

(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण नगरपालिकाले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१७. अभिलेख राख्ने: समितिले आफूले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१८. निर्देशन दिन सक्ने:

(१) कार्यपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

बाँसगढिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

**१९. कार्यविधीको व्याख्या तथा संशोधन:**

यस कार्यविधिमा भएका व्यवस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा कार्यपालिकाले कोष संचालक समितिको राय लिई कार्यविधि संसोधन गर्न सक्नेछ ।

## २०. कोष खारेज हुन सक्ने अवस्था –

क) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरू सहित नगरकार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिकाको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको हकहितमा खर्च गर्न सकिनेछ।

ख) यो कोष स्थापना हुनु अघि महिला स्वास्थ्य स्वंयसेविकासंग सम्बन्धित अक्षयकोषको रुपमा स्थापित रकम यहि कोषमा रुपान्तरण गरिनेछ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

अनुसुची -१

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पाउने आर्थिक सुविधा

| सि.नं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंसेविकाको सम्मान जनक बिदाई खर्च (६० वर्ष उमेर पुरा भई राजिनामा स्वीकृत भएकोका हकमा मात्र) | १ पटक | १,००,०००/- | एकमुष्ठ |
| २ | महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको कुनै कारणले कार्य गर्दा गर्दै मृत्यु भएमा निजको एकाघरको हकलाग्ने परिवारलाई कोषवाट क्रिया खर्च | १ पटक | ४०,०००/- | |
| ३ | महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले कुनै कारण बस (बसाईसराई, अशक्त) कार्य गर्दा गर्दै राजिनामा दिई छोडेमा सेवा अवधिलाई गणना गरी सो वमोजिमको सम्मानजनक बिदाई गरिने छ। | ० देखि ५ वर्ष सम्म काम गरेको | नगद रु १००००।,दोसल्ला र सम्मान पत्र | |
| | | ५ देखि १० वर्ष सम्म काम गरेको | नगद रु २०,००० सहित दोसल्ला र सम्मान पत्र | |
| | | १० देखि १५ वर्ष सम्म काम गरेको | नगद रु ३०,००० सहित दोसल्ला र सम्मान पत्र | |
| | | १५ देखि २० वर्ष सम्म काम गरेको | नगद रु ५०,००० सहित दोसल्ला र सम्मान पत्र | |
| ४ | प्रसुति सुविधा बालपोषण वापतको खर्च सेवा अवधिभरमा | २ पटक मात्र | रु ५ हजार का दरले सुविधा प्रदान गर्ने | |
| ५ | स्वास्थ्य बिमा | ५ जना परिवारको भूक्तानी | | |

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

आज्ञाले
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner